# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (४), संख्या २, हुप्सेकोट, जेष्ठ २५ गते आइतबार, २०७७ साल

# भाग २

## हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),
## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**हुप्सेकोट गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि ,२०७७**

हुप्सेकोट गाउँपालिका

## हुप्सेकोट गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि ,२०७७

**प्रस्तावनाः**

नेपालको संविधानमा मौलिक हकको धारा ३५ को उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको, दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तर्गत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकाङ्क तोकिएको र विद्यालय क्षेत्र विकास योजना (वि.सं २०७३-२०८०) ले गुणस्तरीय शिक्षाका लागि स्वास्थ्य तथा पोषण अवयव अन्तर्गत विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन, सरसफाइको सुविधा र स्वच्छ वातावरणको आवश्यकतालाई महत्वपूर्ण पक्षको रूपमा लिएको सन्दर्भमा सबै विद्यालयहरूमा खानेपानी र सरसफाइको सुविधा एवम् स्वच्छ वातावरणको विकास तथा प्रवर्द्धन गर्ने कार्यमा बहुसरोकारवाला निकायहरु बीच कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा एकरुपता कायम गर्न तथा समन्वय, सहकार्य गरी विद्यार्थीको स्वास्थ्य स्थितिमा सुधार ल्याई सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न आवश्यक भएकोले,

आफ्नो क्षेत्र भित्रका सम्पूर्ण नागरिकको शिक्षामा पहुँच तथा प्रत्याभूति दिलाउँदै सबैका लागि शिक्षाको मान्यतालाई आत्मसाथ गर्दै माध्यमिक तहसम्म निःशूल्क शिक्षा स्थानीय सरकारको दायित्व भएको कुरालाई मनन गर्दै,

संघीय सरकारले तयार गरी कार्यान्वयनमा ल्याएको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि २०७४ मा आधारित तारे पद्धति सहितको व्यवस्थालाई स्थानीय अवस्था र आवश्यकता अनुरुप परिमार्जन गर्दै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरि हुप्सेकोट गाउँपालिकाले गाँउकार्यपालिकाको मिति २०७७/०२/२३ को बैठकबाट यस हुप्सेकोट गाउँपालिकाको **“विद्यालय खानेपानी,सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि ,२०७७”** स्वकृत गरी लागु गरेको छ।

## परिच्छेद -१

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यो कार्यविधिको नाम" **हुप्सेकोट गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धी कार्यविधि २०७७"** रहेको छ ।

(२) यो कार्यविधि हुप्सेकोट गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ । गाउँपालिकाले यस कार्यविधिलाइ संशोधन वा अनुमोदन गरी तोकिएको मितिबाट गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा लागु गराउन व्यवस्था गर्न सक्नेछ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "विद्यालय खानेपानी" भन्नाले विद्यालय हाताभित्र निरन्तर रुपमा उपलब्ध छात्र, छात्रा, शिक्षक, कर्मचारी लगायतका व्यक्तिहरूको मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रासायनिक पदार्थहरू सीमाभित्र रहेको पानी भन्ने बुझ्नु पर्छ ।

(ख) "विद्यालय सरसफाइ विद्यालय सरसफाइ" भन्नाले छात्र, छात्रा, शिक्षक तथा कर्मचारीहरूको मलमुत्रको सुरक्षित विसर्जनका लागि विद्यालय हातामा बाल, लैंगिक, अपांगतामैत्री लगायत गोपनीय एवम् व्यवस्थित शौचालयको सुविधालाई बुझाउँछ । सरसफाइले फोहरमैला संकलन र फोहोर पानीको सुरक्षित विसर्जन मार्फत स्वच्छता कायम गर्नु समेतलाई बुझाउँछ ।

(ग) "विद्यालय स्वच्छता"भन्नाले विद्यालय स्वच्छता भन्नाले विद्यालय वातावरण सफा गर्न, रोगको विस्तार रोक्न र विद्यालयमा छात्र तथा छात्राहरू, शिक्षक तथा कर्मचारीहरूलाई बिरामी हुनबाट बच्न अपनाइने साबुन पानीले हातधुने, महिनावारी स्वच्छता, खाना तथा खाजाको स्वच्छता व्यवस्थापन लगायत सम्पूर्ण व्यवहारहरूलाई जनाउँछ ।

(घ) 'तारा पद्धति" भन्नाले विद्यालयमा विद्यमान खानेपानी सरसफाइका सुविधा, स्वच्छता अभ्यासको अवस्था, संस्थागत सुदृढीकरण र दिगोपनासँग सम्बन्धित तोकिएको सूचकहरूको आधारमा विद्यालयले स्वमूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाबाट तोकिएको समितिले प्रमाणीकरण गरे अनुसार एक, दुई वा तीन तारामा वर्गीकरण गरी खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनलाई स्तरीकृत गर्दै लैजाने पद्धतिलाई जनाउँछ ।

(ङ) "बालक्लब' भन्नाले विद्यालयमा बालबालिकालाई आफैं गरेर सिक्ने क्षमता र सामुहिक भावना विकास गर्न बालबालिकाहरुबीच गठित विभिन्न विषयसँग सम्बन्धित समूहलाई जनाउँछ ।

(च) "समिति" भन्नाले विद्यालय स्तरमा गठन हुने विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिलाई जनाउँछ ।

## परिच्छेद -२

## लक्ष्य, उद्धेश्य तथा रणनीति

**३. लक्ष्यः** सबै प्रकारका विद्यालयमा दिगो खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने ।

**४. उद्देश्यहरुः** (१) विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाई तथा स्वच्छताका सूचक एवम मापदण्ड तयार गर्ने,

(२) तयार गरिएका मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पद्धतिका विषयमा सहजीकरण गर्ने,

(३) विद्यालयमा स्वच्छ खानेपानीका व्यवस्थापन, सरसफाईका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनका उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम समन्वयका लागि सहजीकरण गर्न ।

**५. रणनीतिहरुः** (१) विद्यालय खानेपानी सरसफाई तथा स्वच्छताका सवालहरूलाई संघीय, प्रादेशिक तथा स्थानीय तहका योजना प्रक्रियामा प्रवाहीकरण गर्ने,

(२) विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि सरकारी, गैर सरकारी, निजी क्षेत्र र नागरिक समाजका बीच समन्वय, सहकार्य र साझेदारी गर्ने,

(३) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका विषयलाई विद्यालय स्तरीय योजनामा समावेश गर्ने,

(४) विद्यालय खानेपानी र सरसफाईका सुविधा र स्वच्छता प्रवर्द्धनका लागि निरन्तर स्वमूल्याङकन पद्धति अवलम्बन गर्ने,

(५) बाल क्लब, विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति र सराकारवालाहरुको क्षमता विकास गर्ने,

(६). विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता कायम गर्ने कार्यलाइ नियमित सिकाइ क्रियाकलापसंग आबद्ध गर्ने

## परिच्छेद - ३

## विद्यालय खानेपानी सरसफाई तथा स्वच्छताका मापदण्ड

**६. सरसफाई तथा स्वच्छताका मापदण्डः** सबै विद्यालयहरुमा पानी, शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, संस्थागत व्यवस्था र दिगोपना, विपद जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहिताका आधार सहितका मापदण्ड हुनेछ । विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका अवस्थालाई मूल्याङकन गरी वर्गीकरण गर्न तारा पद्धतिलाइ आधार मानिनेछ । विद्यालयका वर्गीकरण अनुसुची -१ अनुसारका मापदण्डहरूका आधारमा गरिनेछ ।

**७. विद्यालयको वर्गीकरणः** विद्यालयमा विद्यमान खानेपानी सरसफाई एंवम स्वच्छताको अवस्था हेरी तोकिएका मापदण्डको आधारमा विद्यालयलाई उत्कृष्ठ, मध्यम र सुधारोन्मुख गरी तीन वर्गमा वर्गीकरण गरिनेछ ।

**८. तारा चिन्ह सम्बन्धि व्यवस्थाः** यस कार्यविधिका आधारमा पहिचान भएका उत्कृष्ठ विद्यालयका लागि तीन तारा, मध्यम अवस्थाका लागि दुई तारा र सुधारोन्मुख अवस्थाका लागि एक तारा सबैले देख्न सक्ने ठाउँमा प्रदर्शन गर्ने व्यवस्था विद्यालयले मिलाउनु पर्नेछ ।

## परिच्छेद- ४

## समिति सम्वन्धी व्यवस्था

**९. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिः** विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धी योजना तर्जुमा, सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको मातहतमा रहन गरी देहायका सदस्य रहेका एक विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति रहनेछ :-

क विद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको सो समितिको सदस्य - अध्यक्ष

ख विद्यालयको प्रधानाध्यापक - सदस्य

ग. शिक्षक अभिभावक सङ्घले आफूमध्येबाट छानी पठाएको एकजना महिला सदस्य - सदस्य

घ. विद्यालय सेवा क्षेत्रभित्र रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाको प्रतिनिधि एकजना - सदस्य

ङ. बाल क्लबका पदाधिकारीहरुले आफूमध्येबाट छानी पठाएको एकजना छात्रा सहित दुईजना -सदस्य

च. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्पर्क शिक्षक एकजना - सदस्य सचिव

**१०. बैठक सम्वन्धी कार्यविधि :** समितिको बैठक सम्वन्धी कार्यविधि देहायबमोजिम हुनेछः

क. समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

ख. समितिको बैठक समितिका अध्यक्षका निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

ग. समन्वय समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठक पूर्व सदस्यहरुलाइ जानकारी गराउन पर्नेछ ।

घ. समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेका मानिनेछ ।

ङ. समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछ र निजका अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

च. समितिका बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकका अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

छ. बैठक सम्बन्धी अन्य कार्यावधि समिति आफैले निर्धारण गर बमोजिम हुनेछ ।

**११. समितिको काम कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाहरूको सुनिश्चितिताका लागि सहभागितात्मक योजना तर्जामा र कार्यान्वयन गर्ने,

ख. विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धनका लागि सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने,

ग. विद्यालय सुधार योजनामा खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलापहरू समावेश गराई स्वच्छताको अभ्यास गराउने वातावरण तयार गर्ने,

घ. विद्यालयलाई मापदण्डको आधारमा उत्कृष्ट अवस्थामा पुर्‍याउनका लागि आवश्यक स्रोतहरूको खोजी र व्यवस्थापन गर्ने,

ङ. विद्यालयका खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाहरूको मर्मत, सम्भार, रेखदेख र अनुगमन गर्ने,

च. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताको स्वअनुगमन फाराम भरी विद्यालय व्यवस्थापन समितिलाई उपलब्ध गराउने,

छ. विद्यालयलाई तीन तारायुक्त बनाउन र निरन्तरता दिनका लागि विद्यालय व्यवस्थापन, प्रशासन र बाल क्लबसँग समन्वय गरी अन्य आवश्यक क्रियाकलापहरू गर्ने

ज. विद्यालय स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समीक्षा तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी वर्षभरीमा उत्कृष्ट कार्य गर्ने अभिभावक,शिक्षक, कर्मचारी एवं विद्यार्थिहरुलाई पुरस्कृत गर्ने ।

## परिच्छेद- ५

## स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणिकरण

**१२. विद्यालय स्वमूल्याङकन, वर्गीकरण र प्रमाणिकरण प्रक्रियाः** विद्यालय स्वमूल्याङकन, वर्गीकरण र प्रमाणिकरण प्रक्रिया देहायबमोजिम हुनेछः

क. परिच्छेद ३ को ६ मा उल्लिखित सुचकहरूको आधारमा दफा ९ बमोजिम गठित समितिले शैक्षिक सत्र सुरु भएको दुई महिना भित्र स्वमूल्याङ्कन गर्नुपर्नेछ ।

ख. समितिले आफ्नो रायसहित स्वमूल्यांकन फाराम विद्यालय व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ ।

ग. विद्यालय व्यवस्थापन समितिले आफ्नो रायसहित स्वमूल्यांकन फाराम प्रमाणिकरणका लागि गाउँपालिकाको शिक्षा शाखा मार्फत सामाजिक विकास समितिमा पेश गर्नुपर्नेछ ।

घ. गाउँपालिकाको सामाजिक विकास समितिले विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छतामा प्राविधिक सहितको स्थलगत अनुगमनको सिफारिसमा तारा निर्धारण गर्नेछ ।

ङ. लगातार दुइ पटकको बार्षिक समीक्षामा कुनै विद्यालयले तीन ताराको अवस्थालाई कायम राख्न सफल भएमा गाउपालिकाले त्यस्ता विद्यालय तथा यस कार्यमा योगदान गर्ने संस्था /व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ६

## क्षमता विकास तथा वित्तीय व्यवस्थापन

**१३. क्षमता विकासका क्रियाकलापः** विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि विभिन्न तहमा क्षमता विकासका देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन हुनेछन् :-

क. सङ्घीय तहका समन्वयमा विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि नीतिगत विषयमा गोष्ठी, सेमिनारहरू आयोजना गरिनेछ,

ख. प्रदेश तहको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय र सरोकारवालाहरूलाई विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी सिकाइ आदान प्रदान, योजना तर्जुमा तथा समन्वय गोष्ठी तथा सम्मेलनहरूको आयोजना गरिनेछ,

ग.गाँउपालिकाले सरकारी तथा गैर सरकारी निकाय, गाउँपालिकास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति, गाउँपालिकास्तरीय शिक्षा समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघ र बालक्लब समेतलाई विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण गोष्ठी सञ्चालन गरिनेछ,

घ. अन्तर विद्यालयको समन्वयमा शैक्षिक भ्रमण आयोजना गरी एक आर्को विद्यालयको विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका सफल सिकाइको अवलम्वन गरिनेछ,

ङ. विद्यालयको खानेपानी, सरसफाई तथा स्वच्छताका आधारहरु र सुचकहरुलाई लक्षित गरी विद्यालयस्तरीय निबन्ध, वक्तृत्वकला, कविता, हाजिरी जवाफ, नाटकजस्ता प्रतियोगितात्मक कार्यक्रमहरुको आयोजना गरिनेछ ।

**१४. वित्तीय व्यवस्थापनः** विद्यालय खानेपानी, सरसफाई लगायतका सुविधाहरुको मर्मत सम्भार एवं स्तर वृद्धि गर्न विद्यालयले निम्न स्रोतहरूबाट छुट्टै मर्मत सम्भार कोषका व्यवस्था गर्न सक्नेछ :-

क सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त रकम,

ख. संयुक्त राष्ट्र सङघीय निकायहरू, दातृ निकायहरू र विकासका साझेदारहरूबाट नियमानुसार प्राप्त सहयोग,

ग. अन्य व्यक्ति वा निकायहरूबाट प्राप्त दानदातव्य, पुरस्कार,

घ. विद्यालय स्वयंले संकलन तथा विनियोजन गरेका रकम ।

**१५. मर्मत सम्भार कोषको प्रयोगः** विद्यालयले मर्मत सम्भार कोषबाट देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ :-

क. विद्यालय खानेपानी तथा सरसफाईका सुविधाहरूका मर्मत सम्भार,

ख. सरसफाई सामग्रीहरू (ब्रस, साबुन, हर्पिक वा फिनेल आदि) व्यवस्थापन,

ग. मर्मत सम्भारका लागि आवश्यक पर्ने औजार तथा सामग्रीहरूका व्यवस्था लगायत अन्य आवश्यक कार्यहरु,

घ. अनुसुचि -१ बमोजिमका सूचकहरुको आधारमा स्तरोन्नतिसँग सम्बन्धित कार्यहरु गर्ने ।

## परिच्छेद- ७

## विभिन्न निकायहरुको भूमिका

**१६. विभिन्न निकायहरुको भूमिकाः** सबै विद्यालयहरूमा खानेपानी र सरसफाईका सुविधा एवम स्वच्छता प्रवर्द्धनमा एकरूपता ल्याइ बालबालिकाहरूको विद्यालयमा उपस्थित हुने दरमा वृद्धि गरी सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न देहायका निकायहरुका निम्नानुसारका भूमिका रहनेछ :-

**क. शिक्षा विभाग वा संघीय शिक्षा हेर्ने निकाय :**

क. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी नीति नियम तयार गर्न मन्त्रालयलाइ सहयोग गर्न र स्वीकृत नीति नियम लागु गर्ने,

ख. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि बजेटको व्यवस्था गर्ने,

ग. मातहतका निकायहरूलाई माग दर्शन गर्ने,

घ. अनुगमन तथा मूल्याङकन गर्ने,

ङ विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी अनुसन्धान, विकास तथा प्रभाव मूल्याङकनमा सहयोग गर्ने,

च. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सूचकहरुलाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गर्ने ।

**ख. गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति :**

क. गाउँ सभालाइ कानून बनाउन, कार्यान्वयन गर्न सहयोग गर्ने,

ख. विद्यालय स्तरमा योजना तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटका व्यवस्था गर्ने,

ग. सूचना तथा तथ्याङक व्यवस्थापन गर्ने,

घ. विद्यालयहरूमा गाउ शिक्षा समिति मार्फत प्राप्त भएका तोकिएका मापदण्ड बमोजिम कमजोर देखिएका विद्यालयहरुलाइ प्राथमिकताका आधारमा खानेपानी तथा सरसफाईका सुविधाहरू निर्माणमा सहयोग गर्ने,

ङ विद्यालयहरूको अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादन मूल्याङकन गरी गाउँपालिका स्तरीय शिक्षा समितिलाइ सल्लाह सुझाव दिने,

च. शिक्षक र विद्यालय व्यवस्थापन समितिहरूको क्षमता विकासमा सहयोग गर्ने,

छ. गाउँपालिकालाई खुला दिसामुक्त र पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला सबै विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छताका सुविधा भट्ट प्रयोग भएका अवस्थाको सुनिश्चितता गर्ने,

**ग. गाउँ शिक्षा समितिः** प्रत्येक गाउँपालिकामा शिक्षा ऐनमा उल्लेख भए बमोजिम गठन भएका गाउँ शिक्षा समितिले आफ्नो गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयहरुमा विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलापहरूको व्यवस्थापन, रेखदेख, अनुगमन तथा मूल्यांकनका काम गर्नेछ :-

क. खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी रणनीतिक योजना तयारी तथा बजेटका व्यवस्थापन गर्ने,

ख सूचना, शिक्षा, संचारसँग सम्बन्धित श्रव्य दृष्य सामग्रीहरुको विकास तथा वितरणमा सहयोग गर्ने,

ग. सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गर्ने,

घ, गाउँपालिकालाई खुला दिसामुक्त र पूण सरसफाईउन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला सब विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छताका सुविधा भइ प्रयोग भएका अवस्थाको सुनिश्चितता गर्ने,

ङ अनुगमन तथा मूल्याङकन गरी गराई तारा प्रमाणीकरण गर्ने,

च. मापदण्ड पुरा नभएका विद्यालयहरुका स्तर वृद्धिको लागि आवश्यक बजेट व्यवस्थापन गर्न गाउँस्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिलाइ सिफारिस गर्ने,

**घ. स्रोत व्यक्ति :**

क विद्यालयहरूमा खानेपानी, सरसफाई तथा स्वच्छताका अनुगमन गरी निर्देशन दिने,

ख. सूचना तथा तथ्याङक व्यवस्थापन गर्ने,

ग. विद्यालयहरूको कार्य सम्पादन मूल्याङकन गर्ने,

**ङ. विद्यालय व्यवस्थापन समितिः** प्रत्येक विद्यालयमा शिक्षा ऐनमा उल्लेख भए बमोजिम गठन भएका विद्यालय व्यवस्थापन समितिले विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलापहरू सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नेछ :

क. योजना निर्माण, समन्वय, अनुगमन तथा सुपरिवेक्षण गर्ने,

ख. विद्यालयमा खानेपानी तथा सरसफाईका सुविधाहरूका सुनिश्चित गर्ने,

ग. कोष सङकलन तथा परिचालन गर्ने,

घ.समितिले पेश गरेको स्वमूल्यांकन फाराम समीक्षा गरी प्रमाणिकरणका लागि गाउस्तरीय शिक्षा समिति समक्ष पेश गर्ने,

ङ.समितिल सिफारिस गरेको स्वमूल्यांकनमा आवश्यकता अनुसार पुनरवलोकनका लागि सोही समितिमा पठाउन व्यवस्था गर्ने,

**च. प्रधानाध्यापक :**

क. खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा, समन्वय, सञ्चार र कार्यान्वयन गर्न समितिलाई सहयोग गर्ने,

ख. समितिले तयार गरेको योजना तथा प्रस्तावित कार्यक्रमलाई विद्यालय स्तरीय योजनामा समावेश गर्ने,

ग. खानेपानी र सरसफाईमा तीन ताराको अवस्था हासिल गरी यसलाइ कायम राख्न आवश्यक व्यवस्था गर्ने,

घ. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धन सम्वन्धी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने,

ङ. कार्यरत शिक्षकमध्ये उपलब्ध भएसम्म एक जना महिला शिक्षकलाई विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्पर्क शिक्षक तोक्ने,

च. विद्यालयल विषयसँग सम्बन्धीत निर्यामत शिक्षण सिकाइ गर्दा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी विषय समावेश गरी पठनपाठन गराउने व्यवस्था मिलाउने,

**छ. अभिभावक :**

क विद्यालयमा खानेपानी तथा सरसफाईका सुविधाहरू निर्माण, मर्मत सम्भार गन सहयोग गर्ने,

ख. बालबालिकाहरूलाइ जीवन पद्धतिक रूपमा स्वच्छकर आनीबानी अपनाउन उत्प्रेरित गर्ने ।

**ज. विद्यार्थी बाल क्लब :**

क. विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने,

ख उपयक्त स्वच्छकर आनीबानी अपनाउन र सहपाठीहरुलाई समेत अपनाउन उत्प्रेरित गर्ने,

ग. सफलताका कथाहरूका सङकलन र प्रदर्शन गर्ने,

घ. घर, अभिभावक, सहपाठीहरू र समुदायलाइ उत्प्रेरित गर्ने ।

**झ. विकासका साझेदारहरू :**

क. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका लागि आर्थिक सहयोग गर्ने,

ख. विपदका समयमा विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका लागि मानवीय सहयोग उपलब्ध गराउन,

ग. क्षमता विकास तथा अनुसन्धानका लागि सहयोग उपलब्ध गराउने,

घ. चेतनामूलक सामग्रीहरूको विकास र वितरणमा सहयोग गर्ने,

ङ राम्रा अभ्यासहरुको संकलन गरी छपाइ तथा वितरण गर्ने ।

## परिच्छेद- ८

## विविध

**१७. प्रमाणिकरण गर्ने प्रक्रियाः** (क) विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र अनुसूचि-१ अनुसारको सूचकहरुको आधारमा अनुसूचि-२ अनुसार स्वमूल्याङन गरी एक, दुई र तीन ताराका सुचकहरु पुरा गरेपछि विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ।

(ख) प्राप्त प्रतिवेदन विद्यालय व्यवस्थापन समितिल एक महिनाभित्र प्रमाणिकरणका लागि गाउँपालिकाको सामाजिक विकास समिति पेश गर्नुपर्नेछ।

(ग) गाउँपालिकाको सामाजिक विकास समिति वा सम्बन्धित समितिमार्फत् अनुगमन मूल्याङकन गरी तारा निर्धारणको प्रमाणीकरण गरि विद्यालयलाई जानकारी दिनु पर्नेछ ।

(घ) सामाजिक विकास समितिले प्रमाणीकरण प्रतिवेदन सुझावसहित गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(ङ) सामाजिक विकास समितिले पेश गरेको सुझाव सहितको प्रमाणीकरण प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकबाट पारित भएमा विद्यालयलाई तारा प्रदान गरिनेछ।

**१८. योजना समावेश गर्नेः** विद्यालयहरुले विद्यालय सुधार योजना र नमुना विद्यालय विकासका लागि छनोट भएका विद्यालयले गुरुयोजना निर्माण एवम् परिष्कृत गर्दा शैक्षिक पक्षका साथै विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता एवंम् स्वास्थ्य र खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धि बिषय समेत समावेश गर्नु पर्नेछ ।

**१९. एकीकृत सेवा प्रवाहको व्यवस्थाः** विद्यालयको शैक्षिक आर्थिक सामाजिक वातावरणिय तथा मानविय पक्षमा सुधार एंवम् सोसम्बन्धि सेवा प्रवाह सबलिकरण कार्यमा एकीकृत र सहभागितात्मक विधि अपनाउनु पर्नेछ ।

**२०. नमुना विद्यालयहरुको लागि विशेष सर्तः** नमुना विद्यालय विकासकालागि छनोट भई अनुदान प्राप्त गरेका सबै सामुदायिक विद्यालयहरुले आगामि वर्षभित्रमा विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाका सुचकहरुमा तीन तारा प्राप्त गरिसक्नु पर्नेछ।

**२१. यसै कार्यविधि बमोजिम भएको मानिनेः** यसअघि यस गाँउपालिका क्षेत्रभित्रका विद्यालयको खानेपानी, सरसफाई तथा स्वच्छता अवस्थाको विशलेषण गरी प्रमाणिकरणपश्चात तारा प्रदान गरिएकोमा यसै बमोजिम भएको मानिनेछ। तर यस कार्यविधिमा लेखिएका कुराहरु संघ तथा प्रदेश कानुनसंग बाँझिन गएमा बाँझिएको हद सम्म अमान्य हुनेछ र सोहि कानुनमा लेखिएका कुराहरु मान्य हुनेछ।

**२२. कार्यविधिको व्याख्या गर्ने, संशोधन वा बाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा वा कुनै दफा फेरवदल गर्नुपर्ने भएमा सो को व्याख्या गर्ने, संशोधन वा बाधा अड्काउ फुकाउने अधिकार हुप्सेकोट गाँउ कार्यपालिकालाई हुनेछ।

हुप्सेकोट गाउँपालिका

## अनुसूची - १

### विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका मापदण्ड

विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका उपलब्धतालाइ मूल्याङ्कन गरी स्तरीकरण गर्न देहायका सूचकहरूका आधारमा तारा पद्धति बमोजिम वर्गीकरण गरिनेछ :-

| **क.स** | **आधारहरू** | **सूचकहरू (तारा प्राप्त गर्ने आधारहरु)** | | |
|---|---|---|---|---|
| | | **एक तारा** | **दुई तारा** | **तीन तारा** |
| १. | **पानी** | पिउन, हात धुन र सरसफाई गर्नका लागि पानीको उपलब्धता | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरिएका पानीको व्यवस्था | सबै बालबालिकाहरुको पहुँच सहितका पिउन र सरसफाईका लागि सुरक्षित र पर्याप्त पानीका उपलब्धता ( प्रति व्यक्ति दैनिक १२ लि.) |
| २. | **शौचालय** | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितका अलग अलग शौचालय भएको | बाल, लैङगिक, अपाङगता र वातावरण मैत्री यूरिनल र पानीसहितका धारा भएका शौचालयका व्यवस्था | सुरक्षित स्थानमा बाल, लैङगिक, अपाङगता वातावरण मैत्री (२५ छात्रा र ४० छात्रहरुका अनुपातमा) पर्याप्त पानीसहितको शौचालयका सुविधासहित दिसा, पिसावका सुरक्षित |

| | | | | |
|---|---|---|---|---|
| | | | | निकासको व्यवस्था मिलाइएको |
| ३. | **वातावरणीय सरसफाई** | ठोस फोहरलाई डस्टबिनमा सङकलन गरी समय समयमा बिसर्जन गर्ने गरिएको | ठोस फोहरहरूलाइ सिसा वा धातुजन्य, नकुहिने र कुहिने गरी अलग अलग डस्टबिनमा सङकलन गरी कम्तिमा हप्तामा एक पटक विसर्जन गर्न गरिएका | सामग्रीहरूका प्रयोग घटाउने, पुनःप्रयोग गर्ने र पनःचक्रणका पद्धति लागु गरी फोहोरको व्यवस्थापन गरिएको |
| ४. | **सफा र हरियाली वातावरण** | विद्यालय सेवाक्षेत्र खुला दिसा मुक्त घोषणा भएको | विद्यालय परिसरभित्र फूलहरू रोपी बगैंचाको व्यवस्था भएका | विद्यालयभित्रका उपयुक्त खाली जमिनमा वृक्षरोपण र बगैंचा/करेसाबारीको विकास गरिएको |
| ५. | **स्वच्छता सुविधा** | पानी र साबुनसहितका हात धुने सुविधा भएको | समुहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको | समुहमा साबुन पानीले हात धुने स्थायी सुविधा (छात्रा ४० र छात्र ६० का अनुपातमा एक धारा) मा सबैका सहज पहुंच सहित प्रयोग भई नाली वा सोकपिट वा बगैचा वा करेसाबारीमा पानीका निकासका व्यवस्था गरिएको |

| | | | | |
|---|---|---|---|---|
| ६. | **स्वच्छता शिक्षा** | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको पाँच कक्षाभन्दा माथि महिनावारी स्वच्छता व्यवस्थापन पठन पाठन गर्ने गरिएको | विद्यार्थीहरू व्यावहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुन गरेको | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरूका व्यक्तिगत सरसफाई र स्वच्छता व्यवहार (समुहमा हात धुने, व्यक्तिगत सरसफाई र शौचालयको सरसफाई गर्ने) का आधारमा अङक दिने पद्धति अवलम्बन गरिएको |
| ७. | **महिनावारी स्वच्छता व्यवस्थापन सुविधा** | सेनिटरी प्याड व्यवस्थापनका लागि छात्रा शौचालयहरूमा ढकनसहितका डस्टविन राखिएको | आकस्मिक अवस्थाका लागि सहज सेनिटरी प्याडको व्यवस्था र प्रयोग गरिएका प्याडहरूका सुरक्षित विसर्जन गर्ने गरिएको | छात्राहरूले पुन प्रयोग गर्ने सेनिटरी प्याड तयार गर्ने सीप सिकी वा स्वस्थकर प्याड प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरू सञ्चालनमा रहेका |
| ८. | **संस्थागत व्यवस्था र दिगोपना** | बाल क्लब र विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन भएको | विद्यालय सुधार योजनामा खानेपानी, सरसफाई तथा स्वच्छता योजना समावेश भएको | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरूका व्यवस्था भएका र नियमित रूपमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | तालिका अनुसार शौचालय, धारा र हातधुने ठाउँको सरसफाई गर्ने गरिएका |
| ९. | **विपत जोखिम व्यवस्थापन** | शिक्षक तथा बालवालिकाहरूलाई विपत जोखिम न्युनीकरण सम्बन्धमा क्षमता विकास गरिएको | खानेपानी, सरसफाई तथा स्वच्छता समेतका विपत पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम नक्साङ्कन तयार गरी सबैल देख्ने स्थानमा टाँगिएको | खानेपानी तथा सरसफाईका संरचनाहरू नेपाल सरकारका स्वीकृत मापदण्ड (विपद जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको |
| १०. | **अनुगमन तथा जवाफदेहिता** | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक (महिलालाई प्राथमिकता) को व्यवस्था गरिएको | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकका निगरानीमा दैनिक रूपमा शौचालयका सफाइ र साबुन पानीले हात धुन गरिएको | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकका सहजीकरणमा खानेपानी, सरसफाई तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारीमुलक सामग्री र सेनिटरी प्याड) को स्थापना गरिएको |

हुप्सेकोट गाउँपालिका

एक, दुई र तीन तारामध्य पूरा भएकोमा चिन्ह( ✓) र नभएकोमा चिन्ह (x) लगाउनुपर्नेछ । एक ताराका सबै सूचक पूरा गरेपछि "एक तारा" तोक्न सकिनेछ र एंवम रीतले एक तारा र दुई ताराका सबै सूचक पूरा गरेपछि "दुइ तारा" र एक तारा, दुई तारा र तीन ताराका सबै सूचक पूरा गरेपछि "तीन तारा" तोक्न सकिनेछ ।

## अनुसूची - २

## विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका स्वमूल्याङ्कन फारम

विद्यालयको नामः......................... विद्यालयको कोड नं..................

प्रदेश................ जिल्ला................. स्थानिय तह.............. वडा नं...........

| क्र.स | आधारहरू | विद्यालय तारा प्राप्त गर्ने मापदण्डहरु (निम्न लिखित एक तारा दुई तारा वा तीन ताराको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था १ (न्युन), २(मध्यम) र ३(उत्तम)मध्ये जुन अवस्थामा छ सोहीअनुसार अंकमा चिन्ह( ✓) लगाउने) | | |
|---|---|---|---|---|
| | | एक तारा | दुई तारा | तीन तारा |
| १. | पानी | पिउन, हात धुन र सरसफाई गर्नका लागि पानीको उपलब्धता<br>१ २ ३ | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरिएका पानीको व्यवस्था<br>१ २ ३ | सबै बालबालिकाहरुको पहुँच सहितका पिउन र सरसफाईका लागि सुरक्षित र पर्याप्त पानीका उपलब्धता ( प्रति व्यक्ति दैनिक १२ लि.)<br>१ २ ३ |
| २. | शौचालय | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितका | बाल, लैङगिक, अपाङगता र वातावरण मैत्री यूरिनल र | सुरक्षित स्थानमा बाल, लैङगिक, अपाङगता वातावरण मैत्री (२५ छात्रा र |

| | | | | |
|---|---|---|---|---|
| | | अलग अलग शौचालय भएको<br>१ २ ३ | पानीसहितका धारा भएका शौचालयका व्यवस्था<br>१ २ ३ | ४० छात्रहरुका अनुपातमा) पर्याप्त पानीसहितको शौचालयका सुविधासहित दिसा, पिसावका सुरक्षित निकासको व्यवस्था मिलाइएको<br>१ २ ३ |
| ३. | वातावरणीय सरसफाई | ठोस फोहरलाई डस्टबिनमा सङकलन गरी समय समयमा बिसर्जन गर्ने गरिएको<br>१ २ ३ | ठोस फोहरहरूलाइ सिसा वा धातुजन्य, नकुहिने र कुहिने गरी अलग अलग डस्टबिनमा सङकलन गरी कम्तिमा हप्तामा एक पटक विसर्जन गर्न गरिएका<br>१ २ ३ | सामग्रीहरूका प्रयोग घटाउने, पुनःप्रयोग गर्ने र पनःचक्रणका पद्धति लागु गरी फोहोरको व्यवस्थापन गरिएको<br>१ २ ३ |
| ४. | सफा र हरियाली वातावरण | विद्यालय सेवाक्षेत्र खुला दिसा मुक्त घोषणा भएको<br>१ २ ३ | विद्यालय परिसरभित्र फूलहरू रोपी बगैंचाको व्यवस्था भएका<br>१ २ ३ | विद्यालयभित्रका उपयुक्त खाली जमिनमा वृक्षरोपण र बगैंचा/करेसाबारीको विकास गरिएको<br>१ २ ३ |

हुप्सेकोट गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ५. | स्वच्छता सुविधा | पानी र साबुनसहितका हात धुने सुविधा भएको<br>१ २ ३ | समुहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको<br>१ २ ३ | समुहमा साबुन पानीले हात धुने स्थायी सुविधा (छात्रा ४० र छात्र ६० का अनुपातमा एक धारा) मा सबैका सहज पहुंच सहित प्रयोग भई नाली वा सोकपिट वा बगैचा वा करेसाबारीमा पानीका निकासका व्यवस्था गरिएको<br>१ २ ३ |
| ६. | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको पाँच कक्षाभन्दा माथि महिनावारी स्वच्छता व्यवस्थापन पठन पाठन गर्ने गरिएको<br>१ २ ३ | विद्यार्थीहरू व्यावहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुन गरेको<br>१ २ ३ | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरूका व्यक्तिगत सरसफाई र स्वच्छता व्यवहार (समुहमा हात धुने, व्यक्तिगत सरसफाई र शौचालयको सरसफाई गर्ने) का आधारमा अङक दिने पद्धति अवलम्बन गरिएको<br>१ २ ३ |

हुप्सेकोट गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ७. | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | सेनिटरी प्याड व्यवस्थापनका लागि छात्रा शौचालयहरूमा ढकनसहितका डस्टविन राखिएको<br>१ २ ३ | आकस्मिक अवस्थाका लागि सहज सेनिटरी प्याडको व्यवस्था र प्रयोग गरिएका प्याडहरूका सुरक्षित विसर्जन गर्ने गरिएको<br>१ २ ३ | छात्राहरूले पुन प्रयोग गर्ने सेनिटरी प्याड तयार गर्ने सीप सिकी वा स्वस्थकर प्याड प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरू सञ्चालनमा रहेका<br>१ २ ३ |
| ८. | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन भएको<br>१ २ ३ | विद्यालय सुधार योजनामा खानेपानी, सरसफाई तथा स्वच्छता योजना समावेश भएको<br>१ २ ३ | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरूका व्यवस्था भएका र नियमित रूपमा तालिका अनुसार शौचालय, धारा र हातधुने ठाउँको सरसफाई गर्ने गरिएका<br>१ २ ३ |
| ९. | विपत जोखिम व्यवस्थापन | शिक्षक तथा बालवालिकाहरूलाई विपत जोखिम न्युनीकरण सम्बन्धमा क्षमता विकास गरिएको | खानेपानी, सरसफाई तथा स्वच्छता समेतका विपत पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम | खानेपानी तथा सरसफाईका संरचनाहरू नेपाल सरकारका स्वीकृत मापदण्ड (विपद जोखिम न्यूनीकरण) |

हुप्सेकोट गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | १ २ ३ | नक्साङकन तयार गरी सबैल देख्ने स्थानमा टाँगिएको १ २ ३ | अनुसार निर्माण भएको १ २ ३ |
| १०. | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक (महिलालाई प्राथमिकता) को व्यवस्था गरिएको १ २ ३ | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकका निगरानीमा दैनिक रूपमा शौचालयका सफाइ र साबुन पानीले हात धुन गरिएको १ २ ३ | खानेपानी, सरसफाई तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकका सहजीकरणमा खानेपानी, सरसफाई तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारीमुलक सामग्री र सेनिटरी प्याड) को स्थापना गरिएको १ २ ३ |

**अनुसूची ३ :**

**स्वमूल्यांकनको विश्लेषणका आधारमा**

**स्तरोन्नतिका लागि कार्ययोजनाको ढाँचा**

विद्यालयको नाम :............................ विद्यालय कोड नं. :..................

मितिः.......... प्रदेश.......... जिल्ला :...........

स्थानीय तह :........... वडा नं...............

| सूचकहरु | सुधार गर्नुपर्ने कार्यहरु | | जिम्मेवारी | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १. खानेपानी | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| २. शौचालय | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ३. सफा स्वच्छ र हरियाली वातावरण | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |

हुप्सेकोट गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ४. खानाको स्वच्छता | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ५. स्वच्छता सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ६. स्वच्छता शिक्षा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ७. महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ८.संस्थागत व्यवस्था र दिगोपन | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ९. विपद् जोखिम व्यवस्थापन | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| | तारा १ | | | | |

हुप्सेकोट गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| १०. अनुगमन तथा जवाफदेहिता | तारा २ | | | | |
| | तारा ३ | | | | |

समितिका सदस्यहरूको नाम, पद तथा हस्ताक्षर

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

मिति :

हुप्सेकोट गाउँपालिका

**अनुसूची ४ :**

**विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता**

**प्रवर्द्धनका लागि सात झण्डे अवधारणा अनुरूप अंक सहितको**

**स्वअनुगमन तालिका**

विद्यालयको नाम :............................... विद्यालय कोड नं. :...................

मितिः.......... प्रदेश........... जिल्ला :...........

स्थानीय तह :............ वडा नं................

| सूचक र उपसूचकहरु | प्राप्तांक | प्रतिशत | कैफियत |
|---|---|---|---|
| **१.चर्पीको प्रयोग (२०)** | | | |
| छात्र छात्राका लागि अलग्गै चर्पी (५) | | | |
| छात्र छात्राका लागि अलग्गै यूरिनल (३) | | | |
| चर्पी र यूरिनल सफा गर्ने अभ्यास (२) | | | |
| पानीको पर्याप्तता (३) | | | |
| हातधुने स्थान (२) | | | |
| हातधुने सामग्री (३) | | | |
| गोपनियता र सुरक्षा (२) | | | |
| **कूल** | | | |
| **२.हात धुने वानी र व्यक्तिगत सरसफाइ ( १०)** | | | |
| स्वच्छता शिक्षा (२) | | | |
| हात धुने अभ्यास (२) | | | |
| दाँत माझ्ने, नङ र कपाल काट्ने (२) | | | |
| कपडाको सफाइ (२) | | | |
| शरीर नुहाउने र अन्य सफाइ (२) | | | |
| **कूल** | | | |
| **३.महिनावारी सरसफाइ (१५)** | | | |

| | | | |
|---|---|---|---|
| विद्यालयमा महिनावारी सरसफाइ व्यवस्थापनका लागि अतिरिक्त समय व्यवस्थापन (३) | | | |
| महिनावारीको समयमा विद्यालयभित्र छोइछिटो हुने गरे गाउको (३) | | | |
| उपयुक्त स्यानिटरी प्याडको प्रयोग (३) | | | |
| स्यानिटरी प्याडको विसर्जन (३) | | | |
| स्यानिटरी प्याडको उपलब्धता (३) | | | |
| **कूल** | | | |
| **४.खानेपानी, सरसफाइ तथा स्वच्छतामा समता (१०)** | | | |
| अपांगता भएका व्यक्तिहरुका लागि खानेपानीमा पहुँच (२) | | | |
| जात, धर्म, लिंग र अवस्थाका धारमा अविभेद (२) | | | |
| सबैका लागि र सधैंका लागि स्वच्छ पिउने पानी (२) | | | |
| सबैका लागि प्रयोगकर्तामैत्री चर्पीको प्रवन्ध ( २) | | | |
| सरसफाइ सामग्रीमा सबैको पहुँच (२) | | | |
| **कूल** | | | |
| **५.सुरक्षित पानी (२०)** | | | |
| पानीको पर्याप्तता (८) | | | |
| पानीको श्रोतको सुरक्षा (३) | | | |
| खानेपानी सुरक्षा योजना लागू भएको (३) | | | |
| पानीको शुद्धीकरण गर्ने गरेको (४) | | | |
| पानी स्वीकार्य (२) | | | |
| **कूल** | | | |
| **६.सुरक्षित खाना (१५)** | | | |
| खाना वा खाजाको भाँडो सुरक्षित (२) | | | |
| खाना वा खाजा तताउने सुविधा (२) | | | |
| विद्यालयमा सफा र स्वच्छ खाजाको उपलब्धता (विद्यालयको तर्फबाट उपलब्ध गराउने या क्यान्टिन) (२) | | | |
| वरिपरी पत्रु खानाको विक्री वितरण नगर्ने गरिएको (२) | | | |
| खाना तयार गर्ने सामग्रीको स्वच्छता र सफाइ (३) | | | |
| खाना वा खाजा बनाउने ठाउँको सफाइ (२) | | | |
| खाना वा खाजा बनाउने भाँडाको सफाइ (२) | | | |
| **कूल** | | | |

| | | | |
|---|---|---|---|
| **७.वातावरणीय सरसफाइ (१०)** | | | |
| पर्याप्त डस्टबिनको व्यवस्था (२) | | | |
| कक्षा कोठाको सफाइ (२) | | | |
| ठोस फोहरको वर्गीकरण र व्यवस्थापन (२) | | | |
| बगैचा र खेल मैदानको व्यवस्थापन (२) | | | |
| तरल फोहर व्यवस्थापन (२) | | | |
| **कूल** | | | |
| **कूलप्राप्तांकः१००** | | | |

द्रष्टव्य

**विद्यालय सरसफाइ प्रवर्द्धनका लागि सात झण्डे अवधारणा**

विद्यालय सरसफाइ प्रवर्द्धनका लागि सात झण्डे अवधारणा नेपाल सरकारले थालनी गरेको एक विधि हो । सात झण्डे अवधारणा अनुसार पनि विद्यालयलाई पूर्ण सरसफाइको अवस्थामा तीन तारा (***) मा पुर्‌याउने नै हो । विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा तीन तारासम्म पुग्ने माध्यम सात झण्डे अवधारणा हो । त्यसैले, सात झण्डे अवधारणालाई कार्यान्वयनको पद्धति समेत भनिन्छ ।

सात झण्डे अवधारणा अनुसार विद्यालय खानेपानी, सरसफाइ र स्वच्छताका सात मुख्य सूचकलाई आधार मानिन्छ, जुन तपसिल बमोजिम रहेका छन् :

- चर्पीको प्रयोग
- हातधुने अभ्यास र व्यक्तिगत सरसफाइ तथा स्वच्छता
- महिनावारी सरसफाइ तथा स्वच्छता
- खानेपानी, सरसफाइ र स्वच्छतामा समता
- सुरक्षित पानी
- सुरक्षित खाना
- वातावरणय सरसफाइ

यी सात सूचकका सात झण्डा तयार पारिन्छ । थालनीमा, विद्यालयमा सात झण्डा वा सात सूचकमा काम गर्ने सात वटा समिति गठन गरिन्छ । यसरी गठन गर्ने समितिको संयोजन विद्यार्थीहरुले नै गर्दछन् । सम्भव भएसम्म सातवटै समूहमा समूह शिक्षकको रुपमा एक एक जना शिक्षकले नेतृत्व गरेमा राम्रो हुन्छ ।

हुप्सेकोट गाउँपालिका

झण्डा राख्नुभन्दा अगाडि सात वटै क्षेत्रका उपसूचकको अवस्थाको आधारमा स्वमूल्यांकन गरी अंक दिइन्छ । यसरी अंक दिंदा सात वटै सूचकको कूल १०० अंकभारका आधारमा मूल्यांकन गरिन्छ

सात वटा झण्डा राख्नका लागि सात वटा डण्डी प्रयोग गरिन्छ । ती डण्डीमा तलदेखि माथि न्यूनतम १० देखि अधिकतम १०० सम्म हुनेगरी १० वटा चिनो लगाइन्छ । स्वमूल्यांकनका आधारमा त्यस सूचकले जति अंकभार प्राप्त गरेको छ, झण्डा त्यही उचाइमा राखिन्छ ।

झण्डा राख्ने दिनमा सात वटै समूहले आफ्नो झण्डाको उचाइलाई १०० मा पुर्‍याउनका लागि योजना समेत बनाएर सार्वजनिक गर्नुपर्ने हुन्छ भने सम्पूर्ण विद्यालय परिवारले सबै झण्डालाई उचाइमा पुर्‍याउनका लागि सामुहिक प्रतिवद्धता समेत गर्नुपर्ने हुन्छ ।

अनुसूची ४ मा दिइए अनुसार सात वटै सूचकको अंक जोड्दा कूल १०० प्राप्त हुने भए पनि, प्रत्येक सूचकको पूर्णांकको आधारमा जति प्रतिशत अंकभार प्राप्त भएको छ, सोही आधारमा झण्डाको उचाइ कायम गरिन्छ । उदाहरणका लागि, पहिलो सूचक चर्पीको प्रयोगमा कूल अंक २० भए पनि, प्राप्तांक १५ छ भने त्यो ७५ प्रतिशत हुन आउँछ, जसको आधारमा झण्डाको उचाइ तय गरिन्छ ।

**विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका दश सूचकहरू**

**१. खानेपानी**

**२. शौचालय**

**३. सफा, स्वच्छ र हरियाली वातावरण**

**४. खानाको स्वच्छता**

**५. स्वच्छता सुविधा**

**६. स्वच्छता शिक्षा**

**७. महिनावारी स्वच्छता व्यवस्थापन सुविधा**

**८. संस्थागत व्यवस्था र दिगोपन**

**९. विपद् जोखिम व्यवस्थापन**

**१०. अनुगमन तथा जवाफदेहिता**

**प्रमाणिकरण मितिः २०७७/०२/२३**

**राजपत्रमा प्रकाशित मितिः २०७७/०२/२५ आईतबार**

**आज्ञाले,**

**कृष्ण सापकोटा**

**प्रमुख प्रशासकिय अधिकृत**

हुप्सेकोट गाउँपालिका